परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ / अंक : १४१ / पृष्ठ ४ / २०८० कार्तीक १४ गते, मंगलबार / 31 Oct., 2023 / मूल्य रु. ५/-

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।

टक नेपाल राष्ट्रिय दैनिक परिवार

ईमेल : talknepalnationaldaily@gmail.com

सम्पर्क : ९८०७८२१०१४,९८४४६९७४५९

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## महोत्तरीमा डेंगुको लार्भा खोजी र नष्ट अभियान सुरु

• नागेन्द्र कुमार कर्ण




महोत्तरी । महोत्तरीको मनरासिस्वा नगरपालिकामा डेंगु रोगीहरुको सङ्ख्या बढ्दै गएपछि 'लार्भा खोजी र नष्ट' अभियान सुरु गरिएको छ । डेंगु रोगको प्रकोप रोकथाम तथा नियन्त्रणका लागि बजारसहित गाउँबस्तीमा लार्भा खोज्ने तथा औषधि छर्किने काम भइरहेको मनरासिस्वा नगर पालिकाका नगरप्रमुख मोहन पाण्डेयले जानकारी दिनुभयो । बजार तथा बस्तीक्षेत्रमा पानी राख्ने भाडा, ट्याङ्की, खाल्डाखुल्डी पुर्ने र पानीमा लामखुट्टेको बसाइ रहे नरहेको हेरी खोजतलास गरी नष्ट गर्ने कार्यक्रम सञ्चालन गरिएको छ। मनरासिस्वा नगरपालिका- १ चौरिया भन्ने बस्तीमा चार दर्जनभन्दा बढी जनामा डेंगु देखिएको बताउनुहुँदै उहाँले वस्तीमा सरसफाइ गर्नुका साथै बालबालिकालाई नियमित खोप सञ्चालन गरिएको नगरप्रमुख पाण्डेयले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बस्तीमा बिरामीहरु बढ्दै गएको जानकारी आएपछि ल्याबसहितको मेडिकल टिम नै बस्तीमा पठाएर चेकजाँच सुरु गरिएको छ । अवस्था अहिले सामान्य छ ।" उहाँले मनरासिस्वा-१ र ५ सानो कट्टी बस्तीमा ४७ जनामा डेंगु सङ्क्रमण देखिएको बताउनुहुँदै स्वास्थ्य कार्यालय महोत्तरीको सहयो गमा डेंगु नियन्त्रणका लागि औषधी छर्किने काम भइरहेको जानकारी दिनुभयो । बस्ती तथा बजार क्षेत्रमा पानी राख्ने भाँडा र ट्याङ्कीको नियमित रुपमा सफा गर्ने, फोहोर पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने जस्ता जनचेतनामूलक कार्यक्रम सुरु गरिएको छ । वडा नम्बर १ चौरियामा करिब ३५० घरधुरीमा बायो डर्ट स्प्रेइङ साथै शङ्कास्पद बिरामीलाई निःशुल्क रुपमा डेंगु परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख सुनीता गुप्ताले जिल्लाको मनरासिस्वा नगरपालिकामा अहिले बढी डेंगु देखिएका कारण लार्भा खोज तथा नष्ट अभियान सुरु गरिएको बताउनुभयो । उहाँले ५५ जना बिरामीमध्ये तीन जनालाई बाहिर रेफर गरिएको र अन्यको उपचार स्थानीय तहमै भइरहेको बताउनुभयो । उहाँले डेंगु सरुवा रोग नभए पनि लामखुट्टेको टोकाइबाट सर्ने भएकाले बिरामीले सधैँ झुलको प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै एडिज प्रजातिको लामखुट्टे डेंगुका लागि जोखिमपूर्ण हुने बताउनुभयो ।

चर्पीमा मात्र दिसापिसाब गरौं ।
गाउँघरलाई सफा र स्वच्छ राखैं ।
आ - आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।
मनरा शिसवा नगरपालिका
महोत्तरी

## शिक्षक हत्याको विरोधमा कलैयामा विरोध प्रदर्शन



• टक नेपाल

जनकपुरधाम । शिक्षक हत्याको विरोधमा बाराको कलैयामा सोमबार साँझदेखि विरोध प्रदर्शन गरिएको छ । कलैयामा सोमबार अपरिचित समूहले गोली प्रहार गरी बाराको कलैया उपमहानगरपालिका-६ मदरशा टोलस्थित बाल एकता इंग्लिश बोर्डिङ स्कुलका प्रिन्सिपल गुड्डु भनिने रुपेश सर्राफको हत्या गरेको विरोधमा प्रदर्शन गरिएको हो । सर्राफको हत्याको विरोधमा सोमबार साँझ कलैयाकै भरत चोकमा स्थानीयवासी र शिक्षकहरूले टायर बालेर प्रदर्शन गरेका हुन् । प्रदर्शनमा सहभागीहरूले हत्यार लाई पक्राउ गरी कारबाही गर, पुलिस प्रशासन मुर्दावाद, शान्ति सुरक्षा कायम गर लगायतका नारा लगाएका थिए। प्रदर्शनमा सहभागी एन प्याब्सनका मधेस प्रदेश अध्यक्ष नन्दन यादवले सर्राफका हत्यारालाई प्रहरीले तत्काल पक्राउ गरी कारबाही नगरे प्रदेशभरी कै निजी शिक्षण संस्थाहरू बन्द गरेर सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए । प्रिन्सिपल सर्राफ माथि सोमबार दिउँसो करिब १ बजेतिर अपरिचित समूहले गोली प्रहार गरेको थियो । कलैया उपमहानगरको मुख्यबजारको मदर्सा टोलमा उनलाई मोटर साइकलमा आएका दुईजना अपरिचित व्यक्तिले तीन राउण्ड गोली प्रहार गरेर भागेका थिए । बारा प्रहरीका अनुसार सर्राफको टाउको र छातीमा गोली लागेको थियो । उनलाई कलैया प्रादेशिक अस्पतालमा उपचार सम्भव नभएपछि वीरगञ्ज स्थित वयोधा अस्पताल लगिएको थियो । उनको उपचारको क्रममा निधन भएको हो । सर्राफको हत्यामा संलग्नताको आशंकामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको व्यक्ति महिला रहेको र सर्राफको हत्याको योजना बनाउने मुख्य योजनाकार रहेको प्रहरी स्रोतले जनाएको छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
HEALTHY LIVING
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !


जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)

हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# खाँचो तटस्थ प्रशासनको


जनतालाई सेवा दिने र सरकारप्रति जनविश्वास सिर्जना गर्ने महत्वपूर्ण भूमिकामा रहेको प्रशासनिक संयन्त्र सधैँ पारदर्शी, निष्पक्ष र तटस्थ बन्न जरुरी छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई सफल पार्न राजनीतिक नेतृत्वको साथसाथै प्रशासनिक नेतृत्वको पनि महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले प्रशासनिक नेतृत्व राजनीतिक नेतृत्वको असल सल्लाहकारको रुपमा रहनुपर्छ। प्रशासनिक संयन्त्रमा रहेका सबै कर्मचारीहरु निष्पक्ष र तटस्थ भएर काम गर्ने हो भने धेरै समस्या समाधान हुन सक्छ । तर विडम्बना, हामीकहाँ प्रशासनिक संयन्त्र निष्पक्ष र तटस्थ बन्न सकेका छैनन् । सामान्यतया प्रशासन क्षेत्र निष्पक्ष हुनु भनेको राजनीतिकरुपमा निष्पक्ष हुनु हो । प्रशासनिक संयन्त्रमा रहेका व्यक्तिहरुले सही कुराको समर्थन र गलत कुराको विरोध गर्नुपर्छ । सत्यताप्रतिको प्रतिबद्धता नै निष्पक्षता हो । यसै गरी प्रशासकहरु आफ्नो जिम्मेवारी र कामप्रति प्रतिबद्ध हुनु पनि निष्पक्षता हो । प्रशासनले कुनै वाद वा विचारको पक्षपोषण गर्नुहुँदैन । यी विषयहरु सैद्धान्तिक भए पनि आम कर्मचारी संयन्त्रले यो सिद्धान्तलाई व्यवहारमा उतार्न सकिरहेको छैन । बरु यसको ठीक विपरीत देखिने गरेको छ । अधिकांश प्रशासकहरु सत्य कुराको विषयमा राजनीतिक नेतृत्वसँग अडान लिन सक्दैनन् । अडान लिनुको साटो प्रशासनिक नेतृत्वमा रहने उच्च पदस्थहरु मन्त्रीको ‘एस म्यान’ बन्ने गरेका छन् । प्रशासकहरु मन्त्रीको एस म्यान बन्न पुग्दा उनीहरुले आफ्नो स्वविवेकले काम गर्न सक्दैनन् । प्रशासनिक संयन्त्रले आफैँले राजनीतिक हस्तक्षेपको आमन्त्रणसमेत गर्ने गरेका छन् । वास्तवमा प्रशासन स्थायी सरकार हो । त्यसैले यो व्यावसायिक हुन जरुरी छ । अहिले संघ, प्रदेश र स्थानीय तह सञ्चालन गर्ने कतिपय राजनीतिक नेतृत्वमा बुझाइमा समस्या देखिन थालेको छ। स्थानीय तहका जनप्रतिनिधिहरुले कानुनलाई समेत हातमा लिएर आफूखुशी काम गर्न थालेको पाइएको छ । यस्तो अवस्थामा प्रशासनिक नेतृत्वमा रहेका कर्मचारीहरुले राजनीतिक नेतृत्वको रुपमा रहेकाहरुलाई कानुनका पक्ष र आवश्यकताका बारेमा प्रस्ट पार्न जरुरी छ। काले काले मिलेर खाऊँ भाले भन्ने प्रवृत्ति दुवै पक्षले गर्नुहुँदैन। जनप्रतिनिधिहरुले कर्मचारीलाई गलत काम गर्नका लागि दिएका निर्देशनहरु कर्मचारीहरुले मान्नुपर्छ भन्ने छैन । यस्तो अवस्थामा कर्मचारीले जनप्रतिनिधिहरुलाई कानुनी पक्षले र आर्थिक अनुशासनका बारेमा प्रस्ट पार्न जरुरी छ । कतिपय स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरुको गोप्य मिलेमतोमा गैरकानुनी काम भइरहेको तथ्यसमेत सार्वजनिक भइरहेका छन् । आर्थिक फाइदा हुँदासम्म दुवै पक्षबीच राम्रो साँठगाँठ हुने तर भागवण्डा नमिलेमा मात्रै गलत कामहरु बाहिर आउने गरेको तीतो तथ्य हामीसँग छ । यस्तो प्रवृत्ति गलत हो । प्रशासनिक संयन्त्रमा रहेका कर्मचारीहरुले चाहेमा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ। जनतालाई सेवा दिने विषयमा पनि कर्मचारीहरु संवेदनशील भएर लाग्न सके भने आम जनतामा उनीहरुकै साख बढ्न पुग्छ। त्यसैले प्रशासनिक संयन्त्रमा बसेकाहरुले अब जिम्मेवारी बहन गर्दा राजनीतिक मान्यताको प्रभावमा पर्नुहुँदैन । त्यसै गरी राजनीतिक नेतृत्वलाई सल्लाह दिँदा वस्तुगत भएर दिनुपर्छ भने रानीतिक कार्यकारीलाई असल निर्णय गराउन उत्प्रेरित गर्नुपर्छ र त्यस्ता निर्णयहरुको कार्यान्वयन सशक्तरुपमा गराउनुपर्छ ।

# सरकारले खोल्यो नेपालमा व्यावसायिक फाइभजी सेवाको बाटो, तर परीक्षणमै झमेला

• टक नेपाल

काठमाडौं । सरकारले नेपालमा व्यावसायिक रूपमा फाइभजी सेवा दिन सकिने बाटो खुलाएको छ। करिब दुई साता अघि बसेको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य निर्धारण) समितिको बैठकले फाइभजी सेवाका लागि आवश्यक फ्रिक्वेन्सी उपयोग गर्न सक्ने व्यवस्था मिलाएको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको अध्यक्षतामा बसेको समितिको बैठकले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य सम्बन्धी) नीति, २०८० पारित गरेको छ । सोही अनुसार फाइभजीका लागि २६ गिगाहर्ज ब्यान्ड छुट्याइएको मन्त्रालयले जनाएको छ । २६ गिगाहर्ज ब्यान्डमा २४.२५ देखि २७.५० गिगाहर्जसम्मको ३.२५ गिगाहर्ज फ्रिक्वेन्सी उपलब्ध रहेको छ । उक्त ब्यान्डका लागि न्यूनतम फ्रिक्वेन्सी ४०० मेगाहर्ज कायम गरिएको मन्त्रालयका एक अधिकारीले बताए । “फाइभजी, अल्ट्रा हाई स्पिड मोबाइल ब्रोडब्यान्ड लगायतका प्रविधिहरूका लागि २६ गिगाहर्ज ब्यान्ड छुट्याइएको हो,“ ती अधिकारीले भने । त्यस बाहेक २०८१ श्रावण १ गते बाट सम्पूर्ण सेलुलर फ्रिक्वेन्सीको प्रयोगमा प्रविधि तटस्थताको सिद्धान्त अबलम्बन हुने व्यवस्था समेत नीतिले गरेको छ। यसको अर्थ अब जीएसएम सेलुलर मोबाइल तथा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकलाई स्वतः प्रविधि तटस्थताको सिद्धान्तको लागु हुनेछ । जस आधारमा मोबाइल सेवा प्रदायकले उपलब्ध फ्रिक्वेन्सीमा टुजी, थ्रीजी, फोरजी, फाइभजी लगायतका सबै सेवाहरू दिन सक्नेछन् । यद्यपि सेवा प्रदायकले प्रविधि तटस्थताको सिद्धान्त अवलम्बन गरेको अवस्थामा पाँचले गुणा जाने गरी फ्रिक्वेन्सी लिनु पर्नेछ। नयाँ नीतिगत व्यवस्था अनुसार वितरण तथा बढाबढ भइसकेका फ्रिक्वेन्सीको हकमा पाँचको गुणामा फ्रिक्वेन्सी उपलब्ध नभएका सेवा प्रदायकले बढाबढ मार्फत फ्रिक्वेन्सी थप गर्नु पर्नेछ। अन्यथा पाँचको गुणा भन्दा बढी हुन आउने फ्रिक्वेन्सी ब्याण्डविथ फिर्ता हुने बताइएको छ । यसरी ब्यान्डविथ थप गर्दा एक मेगाहर्ज भन्दा कमको ब्यान्डविथलाई बढाबढ नगरिने उल्लेख छ । जसअनुसार प्रति वर्ष प्रति मेगाहर्ज (ग्लउबष्चभम) तीन करोड ८८ लाख ८० हजार रुपैयाँ मूल्यमा उक्त फ्रिक्वेन्सी सेवा प्रदायकले प्राप्त गर्नेछन् । खासगरी यो व्यवस्था ९०० मेगाहर्ज ब्यान्डमा समान २X९.६ मेगाहर्ज फ्रिक्वेन्सी रहेका नेपाल टेलिकम र एनसेलले त्यसको ठाउँमा २ह१० मेगाहर्ज फ्रिक्वेन्सी यस अघिकै मूल्यमा पाउने छन् । त्यस बाहेक टेलिकमले ८५० मेगाहर्जको २X१.५ मेगार्ज फ्रिक्वेन्सीलाई २X२ मेगाहर्ज कायम गर्न सक्नेछ । त्यसो त रेडियो फ्रिक्वेन्सी नीति २०७३ ले समेत फ्रिक्वेन्सीको अधिकतम उपयोग हुने गरी नवीनतम प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न भन्दै सेलुलर तथा मोबाइल फ्रिक्वेन्सीको प्रयोगमा प्रविधि तटस्थताको सिद्धान्तको व्यवस्था गरेको थियो । समान सेवा उपलब्ध गराउने सेवा प्रदायकलाई समान शर्त अन्तर्गत ल्याउने कार्यमा निकै महत्त्वपूर्ण मानिएको उक्त व्यवस्था केही अन्योलताका कारण प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेको थिएन । यसअघिको नीति अनुरूप प्रविधि तटस्थताको सुविधा प्राप्त हुँदा समेत २६०० मेगाहर्ज ब्यान्डमा न्यूनतम र अधिकतम फ्रिक्वेन्सी न्यून भएकाले फाइभजी सेवाका लागि पर्याप्त थिएन । नयाँ नीतिले उक्त ब्यान्डमा फ्रिक्वेन्सी बढाएर न्यूनतम पाँच मेगाहर्जको साटो २० मेगाहर्ज र अधिकतम ५० मेगाहर्जको ठाउँमा १०० मेगाहर्ज कायम गरेको छ । त्यस बाहेक २६०० मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सी लिलाम बढाबढको रूपमा बिक्री गर्ने व्यवस्था गरिएको भए पनि यस अघिको नीतिमा त्यसको आधार मूल्य भने तोकिएको थिएन । नयाँ नीतिले उक्त ब्यान्डमा प्रति मेगाहर्ज प्रति वर्ष ५५ लाख रुपैयाँ तोकेको छ ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार



• टक नेपाल

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । आज नेप्से परिसूचक तीन दशमलव ०४ अङ्कले बढेर एक हजार आठ सय ७८ दशमलव ७० अङ्कमा कायम भएको छ । दुई सय ८७ कम्पनीको २८ लाख २४ हजार सात कित्ता शेयर ३० हजार दुई सय ३७ पटक खरिद बिक्री हुँदा रू ६९ करोड ४२ लाख २२ हजार दुई सय १७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ४२, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८० र म्युचुअल फन्ड शून्य दशमलव ४६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। मंगलबार सबैभन्दा धेरै निर्जीवन बीमा समूह शून्य दशमलव ८६ र व्यापार समूह शून्य दशमलव ८१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै पञ्चकन्या माइ हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ८२ प्रतिशतले बढेको छ भने सबै भन्दा धेरै घट्नेमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको रू तीन करोड ६० लाख ७४ हजार सात सय ४० बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सिद्धार्थ बैंक लिमिटेड प्रमोटर शेयर दुई लाख कित्ता किनबेच भएको छ ।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु

२४ सै घण्टा इमरजेन्सी सेवा
२४ सै घण्टा मिडियो एक्स-रे सेवा
२४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
२४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
हाड जोनी तथा नशा रोग सेवा
कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
HDU, ICU, NICU सेवा
२४ सै घण्टा डिलेभरी सेवा
२४ सै घण्टा अपरेशन सेवा
२४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
छाती, मुटु तथा पेट रोग विशेषज्ञ
पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

cd]/sfdf
a;[f; tyf /f]huf/sf]
;[fhf]cj;/
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिबास-१, महोत्तरी
सम्पर्क नं. : ०४४-५५०५९५/९८५४०२०५९५

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। | तुला | रकम खर्च भए पनि काम अड्किन सक्छ । |
| बृष | खर्चिलो काममा हात हाल्नाले रकम जुटाउन कर्जा लिनुपर्ला। | वृश्चिक | श्रम परे पनि दिन उपलब्धिमूलक रहनेछ । |
| मिथुन | प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । | धनु | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । |
| कर्कट | बिहान अरूको दबाबमा परिने सम्भावना छ । | मकर | काम सन्तोषजनक नभए पनि फाइदै हुनेछ । |
| सिंह | स्वास्थ्य कमजोर हुनेछ । अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ । | कुम्भ | आँटेको काम गर्न बिहानै जुट्नुहोला । |
| कन्या | रमाइलो भेट भए पनि व्यावहारिक काम गर्ने समय छ । | मीन | बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ । |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# तातोपानी कुण्डमा डुब्न भीड

• टक नेपाल



काठमाडौँ । दसैँ सकियसँगै प्राकृतिक चिकित्सालयका रुपमा परिचित म्याग्दीको तातोपानी कुण्डमा उपचारका लागि आएको बिरामीको भीड लागेको छ । बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक तातोपानीको कुण्डमा स्नान गर्नेको घुइँचो लागेको तातोपानी कुण्ड व्यवस्थापन समितिले जनाएको छ । कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काका अनुसार दैनिक दुई सयको हाराहारीमा तातोपानी कुण्डमा डुबेर उपचार सेवा लिनका लागि नेपालको विभिन्न ठाउँबाट बिरामीहरु यहाँ आएका छन् । वीरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। "यो सामान्य अवस्था हो, चिसो बढेसँगै बिरामीको पनि चाप बढ्छ । बिरामीको चाप बढेपछि दैनिक दुई/दुई घण्टाका दरले पुरुष र महिलालाई दुई/दुई वटा समूह बनाएर स्नान गर्ने व्यवस्था मिलाएका छौँ", सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष खड्काले बताउनुभयो । "अब तातोपानी कुण्डमा डुबेर उपचार सेवा लिन आउनेहरुको चाप बढ्छ, चिसो बढेसँगै बिरामीको अतिरिक्त पर्यटकको पनि यहाँ आउने गर्दछन्", अध्यक्ष खड्काले भन्नुभयो, "सहजरूपमा स्नानको व्यवस्थाका लागि महिला र पुरुषलाई स्नान गर्ने फरकफरक समय तालिका बनाएका हौँ ।" स्नानका लागि आएका बिरामी र पाहुनाले तातोपानी बजारमा चहलपहल बढेको छ । म्याग्दी नदीको किनारमा जमिनभित्रबाट वीरेनुनको गन्धमा निस्कने ५० डिग्री सेल्सियस तातो पानी सङ्कलन गरिएको तलाउमा एकपटकमा तीन सय ५० देखि चार सयले स्नान गर्नसक्ने क्षमता छ । छोटो समयका लागि स्नान गर्नेलाई छुट्टै पोखरी बनाइएको छ । त्यहाँ स्नान गर्न एकपटकका लागि प्रतिव्यक्ति रु दुई सय शुल्क तोकिएको छ । एक दिनमा दुई पटक दुई/दुई घण्टाका दरले तातो पानीको कुण्डमा शरीरलाई डुबाएर स्नान गरेपछि बाहिर निस्किएर पाँच/दश मिनेटसम्म पछ्यौरा, कम्बल, प्लास्टिक, काम्लो आदि न्याना कपडा ओढेर शरीरबाट चिटचिट पसिना निस्कँदासम्म विश्राम गरिन्छ । सात दिन स्नानका लागि प्रतिव्यक्ति रु तीन सय ५० शुल्क तोकिएको छ । प्रवेश शुल्क र चन्दा सहयोगबापत उठ्ने रकममध्ये २५ प्रतिशत बेनी नगरपालिका र १३ प्रतिशत आन्तरिक राजस्व कार्यालयमा कर बुझाउनुपर्छ । बचत भएको रकम कुण्डका कर्मचारीको तलब, सञ्चालन, पूर्वाधार निर्माण, विद्यालयलाई अनुदान र सामाजिक क्षेत्रमा खर्च गरिँदै आएको छ । विगत १३ वर्षदेखि सरस्वती माविका १६ जनामध्ये चार जना निजी शिक्षकको तलबका लागि तातोपानी कुण्डले मासिक रु एक लाखका दरले सहयोग गर्दै आएको छ ।

# महोत्तरीमा गाँजाको तस्करी...

अहिले महोत्तरी गाँजा उत्पादन होइन, यो अवैध कारोबार व्यवस्थापन र ओसारपसारको केन्द्र जस्तै बन्दै गएको छ। भित्री पाहाडी खोंच र पाखाभित्तामा उत्पादित गाँजा सुरक्षाचौकी छल्दै महोत्तरीका विभिन्न बस्तीमा लुकाइने र भारतीय तस्करसँगको समन्वयले बाहिरिने गरेको पछिल्ला एक दशकयताका घटनाले देखाउने प्रहरी अधिकारी नै स्वीकार गर्छन् । "अब महोत्तरीमा गाँजा खेती भेटिन्न, प्रहरीको निरन्तरको प्रयत्नले यो करिब निर्मूल भएको छ," जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी (प्रवक्ता) प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरी भन्नुहुन्छ, "तर ओसारपसारको थलो चाँही अवैध धन्दावालले यो ठाउँलाई बनाउँदै आएका देखिन्छ ।" आइतबारमात्रै जिल्ला प्रहरी कार्यालय सर्लाहीले महोत्तरी/सर्लाही सीमा नजिकको कविलाशी-९ को झिम नदी किनारमा दुई सय ५० किलो लागुऔषध गाँजासहित नियन्त्रणमा लिइएका दुई जना र ओसारपसारमा प्रयोग भएको सवारीसाधन सार्वजनिक गऱ्यो । यसअघि गत असोज अन्तिम सातामा महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वर नजिकै जलेश्वर-सम्सी सडकमा प्रहरीले चार क्वीन्टल बढी चार सय पाँच किलो गाँजा बरामद गरेको थियो । सर्लाही प्रहरीले नियन्त्रणमा लिएका ओसारपसारमा संलग्न व्यक्ति स्थानीय भए पनि गत असोजको अन्तिम साता महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको गाँजासहित भने मकवानपुरका बासिन्दा फेला परेका थिए । जिल्लाका विभिन्न ठाउँमा गरिने खोजअभियानमा थोरै परिमाणको गाँजा भेटिँदा यहीँकै स्थानीय (जिल्लाकै) भेटिने र परिमाण बढी हुँदा धेरैजसो मकवानपुरका मानिस समातिएका प्रहरी अधिकारीको अनुभव छ । "पछिल्ला १० वर्षभित्रका घटना केलाइँदा करिब बर्सेनि ठूलो परिमाणमा गाँजा यहाँ बरामद गरिएका छन् । ती घटना अधिकांश मकवानपुरसहितका पाहाडतर्फका मानिस भेटिएका छन्," प्रनाउ गिरी भन्नुहुन्छ, "पाहाडतर्फ उत्पादित गाँजा बाहिर पठाउन भारतीय तस्करसँग समन्वय गर्ने थलो महोत्तरीलाई बनाइएको घटनाले देखाउँछन् ।" प्रहरीले सक्रियतापूर्वक तस्कर जालो च्यात्ने काम गरिरहेको गिरीको भनाइ छ। पछिल्ला १० वर्षयता महोत्तरीमा एक पटकमा १० क्वीन्टल (एक हजार किलो)सम्म गाँजा एकपटकमा बरामद गरिएको पुरानो घटना अभिलेखले देखाएको छ । यहाँ गाँजा खेती हुन छाडे पनि यसको ओसारपसारको समन्वय थलो भने तस्करले बनाएका पाइन्छ । यहाँ खेती गरिदाको बेलाका भारतीयसहित अन्तर्राष्ट्रिय बजारका यसका कारोबारीको सम्बन्ध पुस्तान्तरण हुँदै अहिलेसम्म जिउँदो रहँदा यो ओसारपसारको थलो कायम रहेको अड्कल गरिन्छ । यसबाहेक मकवानपुर, सिन्धुपलाञ्चोक र सिन्धुलीतिर बाट चोरबाटो अपनाउँदै चुरे काछ कटेर भारतीय सीमा नजिक पुग्न महोत्तरी/सर्लाहीको भूगोल छोटो र सजिलो मानेर पनि यो धन्दामा लागेकाले ओसारपसारको थलो यहाँ बनाएका हुनसक्ने सुरक्षा अधिकारीको आंकलन छ । नेपालका पाहाडी जिल्लाका वनपाखामा उत्पादित गाँजा बाहिर पठाउन मात्र नभइ भारतीय बजारबाट लागुऔषधयताका विभिन्न ठाउँमा पुऱ्याउन पनि महोत्तरीको भारतीय सीमावर्ती नाका बाक्लै प्रयोग भएको घटनाले देखाएका छन् । जिल्लाको उत्तरी मुख्य व्यापारिक केन्द्र बर्दिबास नगरक्षेत्र लागुपदार्थ दुर्व्यसनीको अड्डा बन्दै गएको यहाँका सामाजिक अगुवाले चिन्ता जताउँदै आएका छन् । लागुपदार्थको दुर्व्यसन र यसको ओसारपसार रोक्न प्रहरीको एक्लो प्रयत्न पर्याप्त नहुने प्रनाउ गिरी बताउनुहुन्छ । स्थानीय तह, घरका अभिभावक, विद्यालयका शिक्षक, सामाजिक सङ्घ संस्थाका कार्यकर्ता र नागरिक समाजका प्रतिनिधिले लागुपदार्थ दुर्व्यशन र ओसारपसारविरुद्ध सचेतना अभियानमा सचेततापूर्वक जोडिन आवश्यक रहेको उहाँको भनाइ छ ।

*-रासस*

# सात दिनभित्र कार्यालयको सम्पर्क नआउने प्रहरीलाई कारबाही हुने

• टक नेपाल

काठमाडौँ । लामो समयदेखि कार्यालयको सम्पर्कमा नरहेका नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षकदेखि प्रहरी जवानसम्म २२ जनालाई सात दिनभित्र सम्पर्कमा नआए कारवाही गरिने भएको छ । कार्यालयमा जानकारी नगराई लामो समयदेखि गैरहाजिर रहेका २२ जना प्रहरीलाई सातदिन भित्रमा हाजिर हुन आउन प्रहरी प्रधान कार्यालय नक्सालले आज एक सूचना प्रकाशित गरेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए । उनले भने, "सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफू गैर हाजिर रहनुको कारण खोली सन्तोषजनक स्पष्टीकरण जवाफ दिन भनिएको छ । अन्यथा उनीहरुलाई सेवाबाट हटाउने कारबाही हुने छ ।" नेपाल प्रहरीको सम्पर्कमा नरहेका प्रहरीमा प्रहरी सहायक निरीक्षक जेम्सहाङ सोदेम्बा, प्रहरी हवल्दार डम्मरनारायण चौधरी, लोकबहादुर गौतम, सहायक प्रहरी हवल्दारमा नारायण पोखरेल, राजकुमार थारु, सुनिता चौधरी, भुपाल क्षेत्री रहेका छन् । यसैगरी प्रहरी जवानमा टोपेन्द्र शाही, विकेश प्रजापति, प्रदीप रोका, श्यामसुन्दर यादव, रामकृष्ण वली, जनकसिंह साउद, राजन राई, विशाल थापा, विश्वप्रकाश विक, युवराज अर्याल, सुजन गुरुङ, हेमराज महतो, प्रकाश कुँवर, नीरज बढई तथा वसन्त ढकाल रहेको केन्द्रीय प्रहरी प्रवक्ता कडायतले बताए ।


## मोटरसाईकल हराएको सूचना

मिति २०८० असोज २३ गते राती करिब १९:०० बजे महोत्तरीको गौशाला नगरपालिका १२ बाँके खोला नजिक पाकिङ्ग गरि राखेको मोटरसाईकल हराएको हुँदा भेटाउने हुने महानुभावले तपसील बमोजिमका ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिन हुन अनुरोध छ।

**सवारीधनीको नाम** : दिनक महतो  **ना.प्र.नं.** : १८२०५३/१५४७

**ठेगाना** : सोनमा गा.पा. ८, महोत्तरी

**सवारी नं.** : **प्रदेश ३-२७ प ४६४६**

**इन्जिन नं.** : **G3N5E0246105**

**चेचिस नं.** : **ME1RG7326N0017927**

**मो.नं.** : **9801611110**








**खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।**



सुशिल ढकाल

044-550670, 9849732997

सम्पर्कको लागि

**श्री कुसुम कृषि सहकारी संस्था**

**बर्दिबास, महोत्तरी**

# महोत्तरीमा गाँजाको तस्करी र कारोबार बढ्यो

• गोपालप्रसाद बराल



महोत्तरी । गाँजाकै कारण केही दशकअघि महोत्तरीको अजमर पट्टी बस्ती संसारभर चर्चामा थियो । गाँजाको लत लागेका व्यक्तिहरूले यहाँको अजमर पट्टीको चर्चा गरिरहन्थे । "त्यतिखेर आफ्नो जिल्लाको एउटा सानो बस्तीको नाउँ विदेशीले किन लिन्छन् ? आखिर के रहेछ त्यहाँ ? भन्ने लाग्थ्यो," एक विदेशी नागरिकले अजमरपट्टीबारे चासो राखेको पुरानो सन्दर्भ बर्दिबास-६ किसान नगरका ७० वर्षीय वीर बहादुर सुसलिङ सम्झनुभयो । "त्यही चासोले अजमरपट्टी जाँदा त्यतिखेर जिल्लाको उत्तर क्षेत्रमा खेती गरिने सूर्तीको 'प्याक' बनाएको देखेको मलाई अजमरपट्टीमा बनाइने 'प्याक' पनि कुनै एकखाले सुर्तीकै हो भन्ने परेको थियो," करिब पाँच दशकअघिको कुरा सम्झदै सुसलिङले भन्नुभयो, "ती त गाँजाका प्याक रहेछन् भन्ने निकैपछि थाहा पाएँ ।" सरकारले गाँजा खेती निस्तेज गर्न कडाइ सुरु गरेसँगै अजमरपट्टीमा गाँजा नष्ट गरिएका खबर रेडियो बाट सुनेपछि बल्ल आफूले त्यहाँ देखेको 'प्याक' सुर्तीको नभएर गाँजाको भएको रहस्य थाहा पाएको सुसलिङ सम्झनुहुन्छ । त्यहाँ (अजमरपट्टी) उत्पादित गाँजा विश्व बजारमा उत्तम भएको सो बस्तीका छ दशक उमेर नाघेका पाका व्यक्ति अझै बताउँछन् । "गाँजा खानेहरूले हाम्रो बस्तीको नाउँ जान्दथे," सो बस्तीका ७० वर्षीय रामअने क मण्डल भन्नुहुन्छ, "समय गयो, गाँजा खेती सरकारले बन्द गऱ्यो, अब यो नाउँ बिर्सेहोलान् सबैले ।" अजमरपट्टीको माटोमा गाँजा राम्ररी फस्टाउने र अन्तराष्ट्रिय बजारमा यो ठाउँमा उत्पादित भनेपछि राम्रो मूल्यमा बिक्री हुने कुरा विगत सम्झदै अहिले पनि सो बस्तीका बुढापाका बताउँछन् । समयक्रममा अजमरपट्टी र आसपासको गाँजाखेती त सरकारी प्रयत्नले निर्मूलजस्तै भयो । तर गाँजा तस्करीको केन्द्रचाँही महोत्तरी झन् बलियो बन्दै गएको त्यसयताका बर्सेनिका घटनाले देखाउँदै आएका छन् ।

»» बाँकी पृष्ठ ३ मा

# स्रोत नखुलेको १३ लाख २० हजार सहित भारतीय नागरिक पक्राउ

• बिबेक कुमार महतो



महोत्तरी । महोत्तरीको जलेश्वरबाट स्रोत नखुलेको १३ लाख २० हजार रुपैयाँसहित एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहारको सीतामढी बस्ने ४० वर्षीय अरुण पंजियार रहेको प्रहरीले जनाएको छ । उनलाई आइतबार दिउँसो जलेश्वर नगरपालिका- ७ वखरी चोकस्थित सम्सीबाट जलेश्वरतर्फ आउँदै गरेको ना ३ ख २८७८ नम्बरको बसबाट नियन्त्रणमा लिएको हो । बसलाई रोकेर चेकजाँच गर्दा पंजियारको साथबाट स्रोत नखुलेको १३ लाख २० हजार नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# बारामा शिक्षक हत्यामा संलग्नको आशंकामा एक जना पक्राउ

• टक नेपाल



बारा । बाराको कलैया उपमहानगरपालिका-६ मा सोमबार मध्याह्न भएको शिक्षक रुपेश स्वर्णकार (गुड्डु) को हत्यामा संलग्नको आशंकामा एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय, बाराले कलैयाबाट एक जनालाई पक्राउ गरेको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए । 'अहिले बताउन सक्ने विषय भनेको शंकास्पद एक जना नियन्त्रणमा छन्, अरु विषयमा अनुसन्धान भइरहेको छ', सापकोटाले भने, 'थप खुलेपछि प्रहरीले यस विषयमा पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्नेछ ।' सोमबार दिउँसो पाने १ बजे मोटरसाइकलमा घरतिर गइरहेका बेला बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक स्वर्णकारलाई अज्ञात समूहले गोली हानेको थियो । कलैया उपमहानगरपालिका वडा नं. ६ का वडाध्यक्ष रामविश्वास ठाकुर लोहारका अनुसार, स्कुल नजिक पुग्ने बेला उनलाई दुई वटा मोटरसाइकलमा भएका अज्ञात व्यक्तिले घेरेका थिए । 'मोटरसाइकल कुदिरहेको थियो, उहाँको अगाडि एउटा र पछाडि अर्को मोटरसाइकलले उनलाई पछ्याएछ', लोहारले प्रत्यक्षदर्शीहरुलाई उधृत गर्दै भने, 'उहाँले भाग्ने प्रयास गर्दै स्पीड बढाउनुभयो, तर अगाडि पट्टी मोटरसाइकलमा सवार दुईजना मध्ये पछाडि बस्नेले गोली चलाएछ ।' त्यसक्रममा उनलाई कम्तीमा ५ राउण्ड गोली लागेको थियो । लोहारका अनुसार, दुई वटा मोटरसाइकलमा चार जना थिए । पक्राउ पर्ने व्यक्ति तिनै चार जनामध्येका हुन् वा होइनन् भन्ने खुलेको छैन । प्रहरीले समेत पक्राउ परेका व्यक्तिबारे जानकारी दिएको छैन । स्रोतका अनुसार, घटनापछि मृतक स्वर्णकारको मोबाइल समेत हराएको थियो । गोली हान्ने व्यक्तिहरुले नै स्वर्णकारको मोबाइल लिएर गएको प्रत्यक्षदर्शीहरुले दाबी गरेका थिए । गोली लागेलगत्तै उपचारका लागि उनलाई कलैया अस्पताल लगिएको थियो । तर, उपचार सम्भव नभएपछि फेरि वयोधा अस्पताल पुऱ्याइएको थियो ।

# बर्दिवासमा सिनेमा हल आर.एस मुभिज प्रा.ली.को उद्घाटन हुँदै

• टक नेपाल



बर्दिबास । महोत्तरीको बर्दिवास स्थित पुरानो सिनेमा हलको नयाँ कम्प्लेक्समा आर.एस मुभिज प्रा.ली.को उद्घाटन संगै यही बुधवारबाट चलचित्र 'परदेशी २' प्रदर्शनमा आउने भएको छ । 'गोर्खा पल्टन' र 'परदेशी' जस्ता हिट चलचित्र दर्शक माझ पस्केका निर्देशक नारायण रायमाझीको प्रोजेक्ट भएका कारण 'परदेशी २'लाई लिएर दर्शकको पर्खाइ रहेको छ । यस चलचित्रमा साङ्गीतिक क्षेत्रका चर्चित गायक प्रकाश सपूतले अभिनय गरेको पहिलो चलचित्र भएका कारण अझ चासोका साथ हेरिएको छ । चलचित्रमा प्रकाशका साथमा केकी अधिकारी, वर्षा शिवाकोटी, प्रशान्त तामाङ, दिलीप रायमाझी, रमा थपलिया, नीर शाह, सबिन बास्तोला, देवेन्द्र बब्लु, रोशनी कार्की लगायतको अभिनय रहेको छ । रमेश बिजीको कथा एवं पटकथा लेखन रहेको चलचित्रले युवापुस्ताको विदेश मोह र त्यसले सिर्जना गर्ने पारिवारिक एवं सामाजिक संवेदनालाई प्रस्तुत गरेको छ । राजेश वंशल र निर्देशक रायमाझी स्वयंम मिलेर यो चलचित्रको निर्माण गरेका हुन् । बर्दिवासको सिनेमा हलमा प्रमियर शो मंगलवार साँझ ६ बजे हुनेछ बुधवारदेखी बिहान दिउसो र बेलुका ३ शो प्रदर्शन हुने यस सिनेमा हलमा शनिवार बिद्यार्थीलाई बिशेश छुटकालागी १ शो थपगरी ४ शो सिनेमा प्रदर्शन हुँने बताईएको छ । सिनेमा हेर्न चाहनेले रु ३ सय २ सय पचास र २ सयको टिकट काटेर हेर्न सक्ने छन । आउँदै गरेको दिपाबली तथा छठ पर्वको माहोलमा बर्दिवासको पुरानै सिनेमा हल भएको स्थानको नयाँ सिनेमा हलमा प्रदर्शनमा आउने यो चलचित्रले राम्रो व्यापार गर्ने अपेक्षा गरिएको छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com